३. **वर्तमान स्थिति**

विगतको तुलनामा कृषि क्षेत्रको समग्र विकासमा केहि सुधार देखिए पनि भौगोलिक निकटता, पुर्वाधारको कमी, उन्नत प्रविधिको सिमित प्रयोग, भुमिको बढ्दो खण्डीकरण, प्रसार सेवाको सीमितता, बसाईसराईका कारण उत्पादनशिल जमिन बाँझो रहने समस्या आदिका कारण आशातित उपलब्धी हासिल हुन सकेको छैन । उत्पादनका साधनको रुपमा रहेको जमिन र ठुलो संख्याका उत्पादक शक्तिको रुपमा रहेको किसानलाई जोडेर उत्पादन वृद्धि गरी राष्ट्रिय पुँजीको सृजना गर्न सकिन्छ । यसका लागि कृषिको व्यावसायीकरण, आधुनिकीकरण तथा औद्योगिकीकरण गर्दे देशलाई कृषिजन्य वस्तुमा आत्मनिर्भर बनाउँदै निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरी समाजको अग्रगामी रुपान्तरणको दिशामा अघि बढ्नु आजको आवश्यकता हो । नेपाल विश्व व्यापार सङ्गठन तथा विश्व पशु स्वास्थ्य सङ्गठनको सदस्य भए पश्चात त्यस्तो राष्टियको हैसियतले कृषि तथा पशु विकास क्षेत्रमा पुरा गर्नु पर्ने दायित्व निर्वाह गर्न विकासका विभिन्न साझेदारहरुसँग समन्वय गदै कृषि तथा पशुपक्षी विकासका कार्थहरु गर्नु पर्ने देखिन्छ । त्यस्तै दिगो विकासको लक्ष्य प्राप्त गर्न कृषि तथा पशुपन्छी विकास कार्यक्रमको ठुलो भुमिका रहन्छ । कृषि तथा पशुपंक्षी क्षेत्रको विकासमा सार्वजनिक, नीजी तथा सहकारी क्षेत्रको निगरानी समुचित रुपमा वृद्धि गरि देशलाई कृषि तथा पशु जन्य उत्पादनमा आत्मनिर्भर बनाउन सकिने आवश्यकता र सम्भावना छ । यसबाट नगरपालिकाको साथै प्रदेश र देशको आर्थिक वृद्धिमा योगदान मात्र नभई समावेशी समतामुलक समाजको रुपमा आर्थिक वृद्धिको प्रतिफल जनताहरुमा पुर्याउन सकिने अवसर रहेको छ ।



**सबैला नगरपालिका**

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : १९ मिति : २०८२/०१/१०

**भाग–२**

## सबैला नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**सबैला, धनुषा**

**मधेश प्रदेश, नेपाल**

## कृषि तथा पशुपन्छी नीति, २०८२

## सबैला नगरपालिकाको कृषि तथा पशुपन्छी नीति, २०८२

**१. पृष्ठभुमी**

सबैला नगरपालिकाको अर्थतन्त्रमा महत्वपुर्ण योगदान योगदान दिने र ठूला संख्यामा जनसंख्या आश्रित भएको कृषि क्षेत्र जीविकोपार्जन र रोजगारीका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । नेपालको संविधानले प्रत्याभुत गरेको खाद्य सम्बन्धी हकलाई व्यवहारमा उतार्न यो क्षेत्रको महत्वपुर्ण भूमिका छ । आर्थिक बृद्धिको अवसर समन्यायिक ढंगले वितरण गर्न ग्रामीण अर्थतन्त्रको मूल आधार रहेको कृषि क्षेत्रको विकासले नै सम्भव बनाउँछ । पारिवारिक र सामुहिक खेती प्रणालीको प्रवर्द्धन गरी घरायसी स्तरमा खाद्य तथा पोषण सुरक्षा गर्ने आवश्यकता एकातिर छ भने अर्कोतिर तुलनात्मक लाभका आधारमा कृषि उपजको प्रतिस्पर्धी क्षमता बढाएर व्यवसायिक उत्पादन र उत्पादकत्व वृद्धि गरी मुलुकलाई खाद्यान्नमा आत्मनिर्भर बनाउने र निर्यात प्रवर्द्धन चुनौती हाम्रो सामु खडा छ । कृषि प्रणालीको विशिष्टतामा रहेको विविवधतायुक्त भौगोलिक र कृषि पर्यावरणिय अवस्था अनुसार जलवायु मैत्री प्रविधि र स्वच्छ खाद्य उत्पादन पद्धति अवम्बन गरी दिगो कृषि प्रणालीको विकास गर्नु आजको प्रमुख आवश्यकता हो ।

विद्यमान समस्या तथा चुनौतिलाई आत्मसात गदै उपलब्ध श्रोत, साधन र तुलनात्मक लाभको समुचित प्रयोग गरी कृषि पेशालाई व्यवसियक र मर्यादित पेशाको रुपमा स्थापित गर्न सकिने प्रशस्त सम्भावनाहरु पनि रहेका छन। त्यसैले समय अनकुल कृषिमा व्यवसायीकरण, विविधिकरण र आधुनिकीकरण गदै युवाहरुलाई कृषि क्षेत्रमा आर्कषित गरी कृषिलाई आत्मनिर्भर र प्रतिस्पर्धी बनाउनु अहिलेको आवश्यकता हो । यहि वस्तु स्थितिलाई मध्यनजर राख्दै





कृषि क्षेत्रमा प्रभावकारी योजना र कार्यक्रम सञ्चालननार्थ मार्गदर्शक नीतिहरुको आवश्यकता पर्दछ । यसर्थ देशको संविधान, परिस्थिति राज्य प्रर्णाली तथा वर्तमान समयले माग गरेका विषयहरु सम्बोधन गदै कृषि क्षेत्रले समाउनु पर्ने स्पष्ट मार्ग सहितको कृषि तथा पशुपक्षि नीतिको आवश्यकता महसुस गरी सबैला नगरपालिकाले यो नीति अवलम्बन गरेको छ ।

**२. विगतका प्रयासहरु**

कृषि क्षेत्र प्रभावकारी योजना र कार्यक्रम सञ्चालनार्थ मार्गदर्शक नीतिको आवश्यकता पर्दछ । यसै सन्दर्भमा नेपाल सरकारले विगत वर्षहरुमा नै कृषिसँग सम्बन्धित विभिन्न नीतिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । सरकारले सन्१९९५ मा पारित गरी सन् १९९७ बाट कार्यान्यनमा ल्याएको दीर्घकालिन कृषि योजनाले कृषि क्षेत्रको विकासलाई मार्गनिर्देश गरेको थियो । समसामयिक परिस्थितिलाई मध्यनजर गदै नेपाल सरकारले राष्टिय कृषि नीति, २०६१ जारी गरेको थियो, जसले हालसम्म पनि विभिन्न योजना र अन्य नीतिहरुलाई निर्देशित गरेको छ। कृषि सुशासन, उच्च उत्पादकत्व, व्यवसायिकरण र प्रतिस्पर्धात्मकतामा केन्द्रित रही समावेशिकरण, दिगोपना, निजी तथा सहकारी क्षेत्रसँग सहकार्य एवं पुर्वाधारको विकासलाई आत्मसात् गदै खाद्य तथा पोषण सुरक्षा गर्ने, गरिबी निवारणमा सघाउने, कृषि व्यवसायमा प्रतिस्पर्धात्मक क्षमता बढाउने, उच्च तथा समतामुलक आयको सुनिश्चित गर्ने र किसानहरुका अधिकार सुरक्षित बनाउने उद्देश्यका साथ कृषि विकास रणनीति स्वीकृत भई कार्यान्वयनको क्रममा रहको छ । यस रणनीति प्रभावकारी कार्यान्वयनबाट कृषि क्षेत्रका प्रमुख समस्याहरु समाधान भई आशातित उपलब्धी हासिल हुने अपेक्षा राखिएको छ ।

आर्थिक रुपमा लाभान्वित हुनेजोखिम हुन्छ। तसर्थ हाम्रो सन्र्भमा कृषि विकासमा संलग्न सबैस्तरका कृषकहरुको आ-आफ्नो महत्व हुनेभएकोले राज्यको भुमिकालाई सबैप्रणालीमा आवद्ध कृषकहरु प्रोत्साहित र लाभान्वित हुनेगरी सन्तुलित हुनुपुर्दछ । तर देशको कृषि क्षेत्रको विकास प्रयासको दिर्घकालिन र पहिलो प्राथमिकता ठुलो संख्यामा रहेका कृषकहरुको संरक्षरण गरी तिनलाई रोजगारी र कम्तिमा पनि जिविका चलाउन पुग्ने गरी बचतको प्रत्याभतू गर्ने हुनु बाञ्छनीय छ।

## दुरदृष्टि, ध्येय तथा उद्देश्य:

**दुरदृष्टि (Vision)**

दिगो कृषि तथा पशुपन्छीपालन व्यवसाय सञ्चालन, जैविक विविधताको सरक्षण एव कृषि पर्यटनको प्रर्वधनका माध्यमबाट स्वच्छ हराभरा सुन्दर नगरपालिका ।

**ध्येय (Mission)**

व्यवसायिक, प्रतिष्पधात्मक र आधुनिक कृषि तथा पशुपन्छीपालन प्रर्वधनको माध्यमबाट गुणस्तरीय खाद्य वस्तुहरूको उत्पादन, सकलन, प्रशोधन, विविधिकरण र वितरण प्रणालीको समुचित व्यवस्थापन ।

**उद्देश्य (Objectives)**

१. कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउने ।

२. आधुनिकीकरण, विविधिकरण र ब्यबसायीकरण मार्फत संभावना र अवसरहरूका आधारमा कृषि क्षेत्रको दीगो विकास गर्ने ।





### ४. समस्या र चुनौति

राष्टिय कृषि नीति, २०६१ नेपाल सरकारबाट लागू भएको र यी वर्षहरुमा कृषि क्षेत्रमा नयाँनयाँ चुनौति र कठिनाईहरु खेपिरहेका छन् । एकातर्फ राष्टिय आयमा कृषि क्षेत्रको हिस्सा निरन्तर कम हुदँ गैई रहेको छ भने अकोतर्फ त्यसको तुलनामा यस क्षेत्रमा संमलग्न जनसंख्या न्युन गतिमा मात्र कमी भएको छ । यी वर्षहरुमा कृषि क्षेत्रको उत्पादकत्व र यसबाट हुने आम्दानीमा उल्लेनीय ढंगबाट वृद्धि हुन नसक्नाले वैदेशिक रोजगारी प्रतिको आकर्षण ह्वात्तै बढेको छ।पछिल्लो वर्षहरुमा नेपालको अर्थतन्त्रमा विप्रेषणको भूमिका बढ्दै गएको तथ्यबाट पनि यो विषयको पुष्टि हुन्छ तर विश्वव्यापी महामारीले निम्त्याएको संकटका कारण रोजगारीको यो श्रोत पनि अनिश्चताबाट गुज्रिएको परिप्रेक्ष्यमा कृषि क्षेत्रबाट रोजगारीको अवसर सृजना गर्नु पर्ने बाध्यता आईपरेको छ। यस अवस्थाले कृषि क्षेत्रलाई नाफायुक्त पेशामा रुपान्तरण गरी रोजगारी सृजना गर्ने, उत्पादनशिल बाँझो जमिनलाई उपयोग गर्ने, नगरपालिका हुदै प्रदेश र राष्टिय लाई नै प्रमुख वस्तुमा आत्मनिर्भरता बढाउने नीति आवश्यक देखिन्छ। तसर्थ कृषि पेशाबाट हुनेनाफाको सुनिश्तता गदै युवालाई कृषि क्षेत्रमा आर्कषण गराउनु आजको आवश्यकता हो ।

### ५. कृषि नीतिको आवश्यकता

संघीय सरकारले विगत वर्षहरुवाट नै कृषिसँग सम्बन्धित विभिन्न नीतिहरु स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। राष्टिय कृषि नीति, २०६१ ले हालसम्म पनि विभिन्न योजना र अन्य नीतिहरुलाई निर्देशित गरेको छ। तर नेपालको संविधान, २०७२ मा उल्लेखित

कतिपय विषयहरु विद्यमान राष्टिय कृषि नीतिले न्यायचितरुपमा सम्बोधन नगरेकोले उक्त विषयहरु संलग्न गर्नु पर्ने आवश्यकता बन्न पुगेको छ। कृषि नीति निर्माण गर्दा ध्यान दिनु पर्ने नेपालको संविधानमा उल्लेख भएका कृषि क्षेत्रसँग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सम्बन्धित मौलिक हक, निर्देशिक सिद्धान्त तथा नीतिहरु समेतलाई कृषि नीतिले सम्बोधन गर्नु पर्नेछ। कृषि क्षेत्र विकासको योजना, प्रर्वद्धानात्मक तथा नियमन कार्यहरु संविधानका अनसुचीहरु ५ देखि ९ र कार्यविस्तृतिकरणको प्रतिवेदनले तीन तहका सरकारमा विभाजन गरेको परिप्रेक्ष्यमा कृषि नीति ती तहका सरकारको भुमिकालाई समेत सम्बोधन गर्नु पर्ने आवश्यकता छ ।

कृषि सुशासन, उच्च उत्पादकत्व, व्यावसायिकरणर प्रतिस्पर्धात्मकतामा केन्द्रीत रही २० वर्षे रणनितिक योजनाको रुपमा कृषि विकास र नींति स्वीकृत भई कार्याथन्वयनको क्रममा रहेको छ। यसै परिप्रेक्ष्यमा राष्टिय कृषि नीति, २०६१ लाई कृषि विकास रणनीतिसँग तालमेल मिलाई समयनुकुल वनाउने पर्ने आवश्यकता रहेको छ। दिगो विकास लक्ष्यलाई आधार मानी विद्यमान राष्टिय कृषि नीतिका लक्ष्य, उदेश्य र नीतिहरु परिमार्जन गर्नु पर्ने समेत देखिन्छ। हालको राष्टिय कृषि नीतिमा सहस्राब्दी विकासका लक्ष्यहरु लगायत अन्य कतिपय ठाउँमा पुराना राष्टिय प्राथमिकताहरु तोकिएकोमा दिगो विकास लक्ष्य, बहुक्षेत्रीय पोषण योजना (दोश्रो), कृषि विकास रणनिति लगायत हालको परिप्रेक्ष्यमा कृषि क्षेत्रले योगदान दिने नयां राष्टिय प्राथमिकताका विषय समावेश गर्नु पर्ने छ। सोह्रौ आवधिक योजनालाई मनन गरेर पाँच वर्षको कृषि तथा खाद्य पोषण सुरक्षाको रणनीति कार्यनीतिका साथ वि सं २१०० सम्मको दीर्घथकालिन





समृद्ध नेपाल, सुखी नेपालीको वृहत अवधारणा बमोजिम कृषि क्षेत्रले अपनाउनु पर्ने मार्गचित्रको खाँका परिमार्जित कृषि नीति स्पष्ट पार्नु पर्नेआवश्यकता छ । वर्तमानपरिवर्तनीय परिस्थितिमा उत्पन्न भएका समस्या र चुनौतिहरु तथा कृषि क्षेत्रले सम्बोधन गर्नु पर्ने हालको राष्ट्रिय कृषि नीतिमा न्याचितरुपमा समेटिएको छैन भन्ने विषय सरोकारवालाहरुबाट पटक पटक उठाइरहेको परिप्रेक्ष्यमा तिनलाई मिहिन ढंगले विश्लेण गरी नयाँनीतिमा समावेश गर्नु पर्ने देखिन्छ।

कृषि तथा पशुपन्छी उत्पादनलाई पुर्ण व्यवसायिक स्वरुप प्रदान गरेका कृषि तथा पशुपन्छी जन्य इकाइहरु सम्भावना बोकेका क्षेत्र हुन।यिनको व्यवसायको स्तर, प्रविधिको प्रयोग र प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्दै राष्टिय उत्पादनमा वृद्धि र विदेशी आयातित कृषिजन्त्य उत्पादलाई प्रतिस्थापन गर्थ खकिन्छ। यिनीहरुलाई उत्पादन सामाग्रीको स्वदेशमै उपब्धता र तिनको गुणस्तरको प्रत्याभुति, व्यवसायलाई आवश्यक सीप भएको जनशक्ती उत्पादन, प्रविधि र यन्त्र औजारको उपब्धता, असल अभ्यास र नवप्रर्वतनमा प्रोत्साहनको आवश्यकता पर्दछ । कृषि तथा पशुपंक्षी जन्य उत्पादनमा लगानीमैत्री वातावरण सृजना गर्न व्यवसायिक कृषि क्षेत्र सहयोगी कर, व्याजदर छुट, वित्त र विमा प्रणालीको सदृढीकरण, करार व्यवस्था, मुल्य श्रृखला सुधार, बजार ज्ञान, बजारिकरणका पुर्वाधार र बजार नियमन, उत्पादनको गुणस्तर नियन्त्रण गर्ने संस्थागत व्यवसाय लगायतका क्षेत्रमा सार्वजनिक प्रयास हुनुपर्दछ । जिविकोपार्जन र अर्थव्यावसायक कृषि तथा पशुपन्छी उत्पादन प्रणालीमा संलग्न हुनेको तुलनामा पुर्ण व्यवसायिक उत्पादकहरुको संख्या थौरै हुने भएकोले व्यवसायिक कृषि प्रणालीको विकासले तुलनात्मक रुपमा सिमित व्यवसायीहरुनै

स्थानीय नश्लका गाईभैंसी, बाख्रा आदिको नश्ल सुधारका लागि स्थान सुहाउदो उन्नत तथा वर्णशंकर जातका वीउ, पशुपन्छी आदि वितरण गर्ने ।

- कृत्रिम गर्भाधान सेवाः गाईभैसीमा उन्नत तथा वर्णशंकर जातका फ्रोजन सिमन प्रयोग गरी तोकिएको दस्तुर लिई कृत्रिम गर्भाधान सेवा उपलव्ध गराउने । व्यवसायिक गाईभैंसी फार्महरूमा वाच्छी उत्पादन सनिश्ति हुने सेक्स सिमेनको प्रयोगमा जोड दिने ।
- कृत्रिम गर्भाधान सेवा सञ्चालनको लागि आवश्यक पर्ने लिक्विड नाईट्रोजन तथा यन्त्र उपकरणहरू उपलव्ध गराउने ।

**निति १.२ पशुपन्छी आहरा व्यवस्थापन**

पशुपन्छीपालन पकेट क्षेत्रहरूमा बैज्ञानिब तवरका आहरा व्यवस्थापन प्रणालीहरू लागू गरिनेछ ।

**रणनितहरू**

- हिउदे वर्षे तथा वहुवर्से घास विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- बाह्रै महिना हरियो घास उत्पादन गर्न प्रविधि कायान्वयनमा ल्याउने।
- वैज्ञानिक विधिको प्रयोग गरी सन्तुलित तथा गुणस्तरीय दाना तयार गर्ने विधिहरू प्रर्दशन गर्ने ।

हे साईलज तयारी तथा खुराकको उचित संरक्षण र भण्डारणका वारेमा प्रर्दशन कार्यक्रमहरू सञ्चालन गर्ने ।

निति १.३ पशु स्वास्थ्य सेवा: पशुपन्छीका विभिन्न प्रकारका रोगहरूको निदान, प्राथमिक उपचार तथा रोगको रोकथाम र नियन्त्रण कार्यलाई प्राथमिकता दिईनेछ ।





३. कृषि तथा पशपन्छी व्यवसाय सम्बन्धित उद्यमशीलताको विकास गरी रोजगारी, आयआर्यन तथा जीविकोपार्यनमा टेवा पर्याउने ।

४. स्थानीय श्रोत साधनको अधिकतम उयोग गरी कृषि तथा पशुपन्छीजन्य वस्तुहरूको उत्पादनलाई प्रभावकारी तल्याउन ।

५. कृषि तथा पशुपन्छी विकासका लागि आवश्यक पर्ने पुर्वाधार तथा मानव संशाधनको विकास, व्यवस्थान र परिचालन गर्ने ।

६. कृषि तथा पशुपन्छीजन्य उद्योग तथा व्यवसायहरूको स्थापना र प्रर्वधन गर्ने ।

७. कृषि तथा पशपन्छीजन्य उत्पादनको सहज विक्रीवितरणका लागि कृषि तथा पशुपन्छी हाट वजार सञ्चालन गर्ने ।

८. सास्कृतिक तथा जैविक विविधताको पहिचान, वातावरणको सरक्षण र सम्बर्धन गदै कृषि पर्यटनको प्रवर्धन गर्ने ।

९. कृषि सुचना तथा सञ्चारका क्षेत्रमा डिजिटालाईजेशन मार्फत सेवा प्रदायक र सेवाग्राही वीचको आपसी पहुच वढाउने ।

१०. कृषि तथा पशुपन्छी विकास क्षेत्र सम्बन्धित विविध उद्देश्यहरू

**नीति तथा रणनीतिहरू**

कृषि तथा पशुपन्छी विकास क्षेत्रको दरदृष्टि, ध्येय तथा उद्देश्यहरू हासिल गर्न सबैला नगरपालिकाले देहाय वमोजिमका नीति तथा रणनीतिहरू अवलम्वन गर्नेछ :

उद्देश्य १ कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउने

**क. कृषि विकास क्षेत्र नीति**

१.१ माटोको उर्बवराशक्ती वृद्धि गर्न मलको उचित प्रयोग गरिनेछ ।

**रणनीतिहरू**

- मलको उचित व्यवस्थापनका लागि माग आपुर्तिको एकिन तथा आङकलन गर्ने ।
- प्राङगारिक मल उत्पादन एवम प्रयोगमा बृद्धि गर्दै रसायनिक मल प्रयोगमा न्युनिकरण गर्ने ।
- घुम्ती माटो शिबिर सञ्चालन गर्ने माटो कार्डको व्यवस्थापन गर्ने ।
- माटोको गुणस्तर अनुसार उत्पादनको प्रकार तय गर्ने ।
- डिजिटल स्वायल म्यापिङ्ढको व्यवस्थापन गर्ने ।

नीति १.२ गुणस्तरीय बीउ विजनको उपलब्धतामा जोड दिइनेछ।

**रणनीतिहरू**

- विद्यमान श्रोत/केन्द्रहरूले उपलब्ध गराइरहको बीउ विजनको गुणस्तर मुल्याङकन गर्ने।
- बीउ विजन उत्पादन गर्ने श्रोत/केन्द्रहरूको वर्गीकरण गर्ने।
- हाईब्रीड जातका खाद्यान्न, तरकारी बालीको उत्पादन क्षेत्र तोकी उत्पादन बृद्धि गर्ने ।
- तन्तु प्रजनन प्रविधिबाट उत्पादित वीउ वेर्नाहरूको प्रवर्धन गर्ने ।
- उत्पादकत्व वृद्धिका आधारमा उन्नत बीउ वीजनको व्यवस्थापन गर्ने ।

नीति १.३ कृषिमा उन्नत तथा नविनतम प्रविधिको प्रवर्धन गरिनेछ ।





**रणनीतिहरू**

- कृषकहरूलाई नविनतम प्रविधि प्रयोग गर्नका लागि प्रोत्साहित गर्ने ।
- उन्नत प्रविधि सम्बन्धी आवश्यक सामाग्रीहरूको व्यवस्थापन गर्ने ।
- थोपा सिञ्चाई, हाईड्रपोनिक्स तथा एरोपोनिक्स जस्ता नविनतम प्रविधिहरूको प्रवर्धन गर्ने ।

उन्नत तथा नविनतम प्रविधि प्रवर्धन सम्बन्धी आचार सहिता तयार गरी लागू गर्ने ।

नीति १.४ रोगकिराहरूको प्रभावकारी रूपमा रोकथाम तथा नियन्त्रण गरिनेछ ।

**रणनीतिहरू**

- नियमित रूपमा सभेसर्भिलेन्स गरी रोगकिराहरूको प्रकोपको अवस्था पहिचान गर्ने ।
- रोगकिराहरूको प्रकोप नभएको स्थानमा फैलावट रोक्ने ।
- रोगकिराहरूको प्रकोप भएको स्थानमा आवश्यक एकिकृत शत्रु जीव व्यवस्थापन गर्ने ।
- असल कृषि अभ्यास, प्रागारिक खेती, बिषादी न्युनीकरण आदिको मापदण्ड तयार गरी लागू गर्ने र नियमित अनुगमन गर्ने।

**ख. पशुपन्छी विकास क्षेत्र नीति**

१.१ नश्ल सुधार पशुपन्छीजन्य उत्पादन र उत्पादकत्व वृद्धिका लागि स्थानीय जातका पशुपन्छीहरूमा उन्नत तथा वर्णशंकर नश्लका फ्रोजन सिमन तथा भाले पशुपन्छी प्रयोग गरी नश्ल सधार गरिनेछ ।

**रणनीतिहरू**

- उन्नत तथा वर्णशंकर नश्लका वीउ पशुपन्छी वितरणः

- कृषि उपज व्यवस्थापन समन्वय समितिको सिफारिसमा नगरपालिकाले विशिष्टकृत उत्पादनको न्यूनतम समर्थन मुल्य तोक्ने ।
- कृषि उपज तथा खाद्य पदृथ सचय गर्न कोलस्टोर तथा खाद्य गोदाम उपयोगका लागि सुविधा प्रदान गर्ने ।

**ख. पशुपन्छी विकास क्षेत्र नीति**

२.१ निर्वाहमुखी पशुपन्छीपालन स्थानीय स्तरमा उपलव्ध हुने श्रोत साधनहरूको उपयोग गरी पशुपन्छीपालन गरिदै आएको पेशालाई यथावत रूपमा सञ्चालन गर्न दिई निर्वाहमुखी पशुपन्छीपालन व्यवसायलाई सदृढ तुल्याईनेछ । रणनितिहरू

- पशुपन्छीपालनका आधारभुत आवश्यकताहरू जस्तै गोठखोरको व्यवस्था, सन्तुलित आहरा, परजीवि नियन्त्रण, रोग विरुद्ध खोप सेवा तथा जैविक सुरक्षाका उपायहरू र प्रावधिक परामर्श सेवाहरू उपलव्ध गराउन ।
- कृत्रिम गर्भाधान सेवा लगायतका अन्य प्राथमिक उपचार सेवाहरू तोकिएको दस्तुर लिई उपलव्ध गराउने ।
- एकल महिला, दलित, जनजाति तथा पिछडिएका र विभिन्न कृषकको जीविकोपार्जनका लागि आय आर्जनको श्रोतका रुपमा पशुपन्छीपालन व्यवसायमा सलग्न गराईने ।
- स्थानीय जातका शाकिनी, घाटी खईलरे, प्वाख उल्टे कुखुराहरूको उचित सरक्षण र प्रवर्धन गरिने ।
- ग्रामीण कुखुरापालनका लागि उपुर्यक्त ठहर गरिएका न्युहेम्पसाएर, अर्स्टालप, गिरीराज तथा अन्य जातका कुखुरापालन व्यवसाय विस्तार गर्ने ।





रणनीतिहरू पशु स्वास्थ्य सेवा अन्तर्गत देहाय वमोजिमका सेवाहरू उपलव्ध गराउनेः

- मेडिकल सर्जिकल तथा गाईनाकोलोजिकल उपचार
- प्रयोगशाला परीक्षण गोवर रगत पिशाव दुध आदिको जाँच गर्ने
- आन्तरिक तथा वाह्यपरजिवि उपचार
- वन्धयाकरण सेवा
- रोगको रोकथामका लागि नियमित खोप सेवा
- व्यवसायीक पकेट क्षेत्रहरूमा महामारीजन्य रोगहरू जस्तै खोरेत, भ्यागुते चरचरे, पि.पि.आर. लम्पी आदि रोग विरुद्ध अनिवार्य खोप सेवा सञ्चालन गर्ने ।

नीति १.४ सेवा शुल्क सम्बन्धी व्यवस्था रोग निदान तथा प्राथमिक उपचार र कृत्रिम गर्भाधाने सवा प्रदान गर्दा तोकिए वमोजिमको राजश्व रकम लिई सेवा प्रवाह गरिनेछ। रणनीतिहरू पशुपन्छीको रोग निदान तथा नियमित उपचार सेवा उपलव्ध गराए वापत देहाय वमोजिमको राजश्व शुल्क निर्धारण गर्नेः

- पशुपन्छी उपचारका लागि नाम दर्ता
- प्राथमिक उपचार
- माईनर सर्जिकल तथा गाईनाकोलोजिकल उपचार
- रोग निदानका लागि नमुना परीक्षण
- पोष्टमाटम परीक्षण उपरोक्त वमोजिमका सेवाहरू उपलव्ध गराउदा लाग्ने राजश्व रकमका वारेमा एक निर्देशिका तयार पारी कार्यापालिकाबाट पारीत गराई लागू गर्ने ।

**नीति १.५** महामारीजन्य रोगहरूको रोकथाम तथा नियन्त्रण यस कार्यमा संघ र प्रदेशसंग आवश्यक समन्वय र सहकार्य गरिने छ ।

**रणनीतिहरू**

- राष्ट्रिय महत्वका प्रमुख रोगहरूको रोकथाम तथा नियन्त्रणमा सघ र प्रदेशसंग आवश्यक समन्वय र सहकार्य गर्ने ।
- नगर पशु सेवा शाखामा उपलव्ध नभएको विशष्टकृत सेवाहरू भेटरनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा केन्द्रीय रिफर्रल पशु चिकित्सालयमा सिफारिस गर्ने ।

**नीति १.६ पशु स्वास्थ्य तथा पशु वाझोपन निवारण शिविर सञ्चालन**

पशु सेवा सम्बन्धी विषय समस्याहरूको स्थलगत उपचारका लागि विस्तारमा एक दिने निःशुल्क पशु स्वास्थ्य तथा पशु वाझोपन शिविर सचालन गरिनेछ ।

**रणनीतिहरू**

- वडा कार्यालयहरूको समन्वयमा निःशुल्क पशु स्वास्थ्य तथा पशु वाझोपन निवारण शिविरहरू सञ्चालन गर्ने ।

उद्देश्य २ आधुनिकीकरण, विविधिकरण र ब्यबसायीकरण मार्फत संभावना र अवसरहरूका आधारमा कृषि क्षेत्रको दीगो विकास गर्ने ।

**क. कृषि विकास क्षेत्र नीति**

२.१ कृषि उत्पादनको सभाव्यता तथा प्राथमिकताका आधारमा आधुनिक प्रविधिहरू अवलम्वन गरी ब्यबसायीकरणमा जोड दिईनेछ ।





**रणनीतिहरू**

- वडाको सभाव्यता तथा कृषकहरूको प्राथमिकता अनुसार विद्यमान कृषि प्रणालीको स्तरोन्नती गर्ने।
- कृषि क्षेत्रमा आधुनिक किसिमका औजार उपकरणहरूको प्रयोगमा प्रोत्साहन गर्ने ।
- कृषि उत्पादनमा सहकार्य साझदारी मार्फत स्तरोन्नती (Upscaling) गर्ने ।
- उत्पादनमा आधारित अनुदान सहुलियतको प्रवन्ध मिलाउन

**निति २.२** वाली तथा उत्पादनको विविधिकरण मार्फत कृषि व्यवसाय सञ्चालन गरिनेछ ।

**रणनीतिहरू**

- रैथान बालीको सरक्षण, सम्बर्धन र विविधिकरण गर्ने ।

उन्नत तथा नवितम जातका खाद्यान्न, फलफुल तथा तरकारी बाली स्थानको सभाव्यता तथा प्राविधिक सिफारिस अनुसार भित्र्याउने ।

- वडाको सभाव्यता र कृषकको अभिरुची वमोजिम उत्पादनमा बिबिधीकरण गर्ने ।

**नीति २.३** किसानको उपजलाई बिक्री वितरणमा प्रोत्साहन गरी खाद्य कोष मार्फत खाद्य तथा पोषण सुरक्षाको प्रत्याभुति दिईनेछ।

**रणनीतिहरू**

- स्थानीय स्तरमा कृषि उपज व्यवस्थापनका लागि कृषि उपज व्वस्थापन समन्वय समिति गठन गर्ने ।

- प्राकृतिक वातावरणमा पालन गर्न सकिने पन्छीपालन व्यवसायलाई अर्गानिक फारमिङको रूपमा स्थापना गर्न जोड दिने ।
- प्रचलित कानुन वमोजिम अनुमति प्राप्त उच्च मुल्यका पशुपन्छीहरूको श्रोत केन्द्र स्थापना गर्न निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउने ।

**नीति २.७** आधुनिक गोठ तथा खोर व्यवस्थापन, प्रजनन पद्धति सन्तुलित आहार तथा यन्त्र उपकरणहरूको प्रयोगमा सहुलियतका सुविधाहरू दिईनेछ ।

- गाईभैसी तथा बाख्रपालनका लागि आधुनिक र व्यवस्थित गोठ तथा खोर निर्माण र सुधार गर्न सहुलियत अदान प्रदान गर्ने ।
- सहुलियत अनुदानमा काउ म्याट, दुध दहि मशिन, मिल्क क्यान लगायतका आधुनिक यन्त्र उपकरणहरू वितरण गर्ने ।
- सन्तुलित दाना तयार गर्न आवश्यक पर्ने ग्राईन्डर मक्स्चिर खरिदमा सहुलियत अनुदान सुविधा प्रदान गर्ने ।

**नीति २.८** दुध तथा दुधजन्य पदार्थको विविधिकरण गरी प्रशोधित दुध दही घिउ पनिर खुवा मिठाई आदि तयार गर्न प्रोत्साहन गरिनेछ ।

**रणनीतिहरू**

- दुधको सकलन प्रशोधन तथा विविधिकरणका लागि आवश्यक पर्ने विभिन्न मशिनरी उपकरणहरू सहुलियत अनुदानमा उपलव्ध गराउने ।

**नीति २.९** मासु तथा मासुजन्य पदार्थको उत्पादन र विविधिकरणका लागि प्रोत्साहन गरिनेछ ।





**नीति २.२** व्यवसायक गाईभैंसीपालन नगरपालिकाका विभिन्न वडाहरूमा प्राथमिकता एव सभाव्यताको आधारमा व्यवसायीक गाइभैसी फार्म स्थापना तथा सञ्चालन गरिनेछ ।

**रणनीतिहरू**

- नगरपालिकाका सभाव्य स्थानहरूमा व्यवसायीक पशुपन्छीपालन सम्बन्धी मापदण्ड तथा आचार सहिता वनाई कार्यान्वयनमा ल्याउने ।
- जर्सी र होलेस्टन फ्रिजिएन वर्णशंकर जातको गाई र मुर्रा, निली, रवी जातका भैंसीहरू व्यवसायीक पालनका लागि सिफारिस गने ।
- व्यवसायीक रूपमा गाईभैसीपालन गर्दा अवलम्वन गर्न पर्ने व्यवस्थित गोठको व्यवस्था, सन्तुलित आहरा, परजीवि नियन्त्रण, रोग विरुद्ध खोप सेवा जस्ता आधारभुत कार्यहरू र जैविक सुरक्षाका विषय तथा प्राविधिक परामर्श सेवा उपलव्ध गराउने ।
- कृत्रिम गर्भाधान लगायत अन्य आवश्यक प्राथमिक उपचार सेवाहरू तोकिएको दस्तुर लिई उपलव्ध गराउने ।
- दुध उत्पादनलाई प्रोत्साहन तथा प्रवर्धन गर्न विभिन्न प्रकारका प्रविधियुक्त उपकरणहरू सहुलियत दरमा उपलव्ध गराउने ।
- उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यविधि बनाई कार्यान्वयनमा ल्याउने ।

**नीति २.३** व्यवसायीक बाख्रापालन वनजङगल तथा चरनक्षेत्रको पहुँच भएको सभाव्य स्थानहरूको पहिचान गरी व्यवसायिक बाख्रापालनको पकेट क्षेत्रहरू निर्धारण गरिने छ ।

**रणनीतिहरू**

- नगरपालिकाकामा व्यवसायीक बाख्रापालन कार्यक्रम सञ्चालन गर्ने ।
- व्यवसायीक बाख्रापालन गर्न आवश्यक पर्ने मापदण्ड तथा आचार सहिता वनाई कार्यान्वयनमा ल्याउने ।
- स्थानीय जातका खरी बाख्रा एव वोयर जातका वर्णशंकर बाख्राहरू पालन गरिएको स्थानहरूमा व्यवसायीक बाख्रापालनको पकेट क्षेत्र निर्धारण गरी आयोजनाका रूपमा सञ्चालन गर्ने ।

व्यवस्थित खोरको व्यवस्था, सन्तुलित आहरा, परजीवि नियन्त्रण, रोग विरुद्ध खोप सेवा जस्ता आधारभुत कार्यहरू र जैविक सुरक्षाका विधि तथा प्राविधिक परामर्श सेवाहरू उपलव्ध गराईने ।

- रोग निदान तथा प्राथमिक उपचारका सेवाहरू नगर पशु सेवा शाखा/ पशु चिकित्सालयबाट उपलव्ध गराईने ।

**नीति २.४** व्यवसायीक कुखुरापालन व्यवसायीक कुखुरापालनका लागि सभाव्य क्षेत्रहरूको पहिचान गरी व्यवसायीक फार्महरूको स्थापना तथा सञ्चालन गरिने छ ।

**रणनितिहरू**

- व्यवसायीक कुखुरापालनको लागि आवश्यक पर्ने मापदण्ड तथा आचार सहिताहरू वनाई कार्यान्वयनमा ल्याउने ।
- व्यवसायीक कुखुरापालन अन्तर्गत व्रोईलर कुखुरा पालन, लेयर्स कुखुरा पालन, चल्ला उत्पादन गर्ने पयारेन्ट फार्म आदि कोष स्थापना तथा सञ्चालन गर्ने कार्यका लागि वडा कार्यालयको स्वीकृतिमा सञ्चालन गर्ने ।





- व्यवसायीक कुखुरापालन गर्दा अवलम्वन गर्नु पर्ने जैवीक सुरक्षाका उपायहरू कडाईका साथ पालना गर्न लगाउने ।
- गुणस्तरहीन चल्ला, दाना, अण्डा, मासु बिक्री वितरण गर्नलाई प्रचलित कानुन वमोजिम कारवाही गर्ने ।

**नीति २.५** माछापालन भौगोलिक तथा वातावरणीय दृष्टिकोणबाट पालन गर्न उपुयर्क्त माछाका जातहरू व्यवसायीक पालनका लागि सिफारिस गरिने छ ।

**रणनीतिहरू**

- भौगोलिक तथा वातावरणीय दृष्टीकोणबाट पालन गर्न उपर्युक्त रोहु, नैनी, कमन कार्प, रेन्वो ट्राउट लगायत माछाका विभिन्न जातहरू व्यवसायीक पालनका लागि सिफारिस गने ।

**नीति २.६** उचित मुल्यका पशुपन्छीपालन सभाव्य स्थानहरूको पहिचान गरी कालिज, लुईचे, वट्टाई, लौकाट, टर्की, अस्ट्रिच लगायत शाकिनी जातका कुखुरा, परेवा, हास र विभिन्न लोपन्मुख प्रजातीका पशुपन्छीहरू पालन गर्न अनुमती दिईनेछ । उच्च मुल्यका पशुपन्छीहरूको श्रोत कन्द्र स्थापना गरिनेछ ।

**रणनीतिहरू**

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागसग प्रत्यक्ष सरोकार रहने विषयका पशुपन्छीहरू सबन्धित क्षेत्रको ऐन कानुनको परिधि भित्र रही व्यवसाय स्थापना तथा सञ्चालन गर्ने सहजीकरण गर्ने ।
- उच्च मुल्यका पशुपन्छीहरूबाट उत्पादन हुन अण्डा, मासु तथा चल्लाहरूको उपर्यक्त वजार सञ्जाल निर्माणबाट एग्रोईकोटुरिज्मको समेत विकास हुन भएकोले सभाव्य स्थानहरूमा पार्क तथा रिर्सोट सञ्चालन गर्ने कार्यलाई प्रोत्साहन गर्ने ।

**रणनीतिहरू**

- प्राकृतिक स्रोत साधनको समुचित उपयोग गरी तुलनात्मक लाभको आधारमा कृषि बाली उत्पादनमा सहजीकरण गर्ने ।
- माटोको उर्बरा शक्तिको अनुसन्धानमा सहकार्य गर्न, कृषि कलेज र बिद्यालयका बिद्याथीलाई अन्वेषण तथा शोधकार्य गर्न अवसर तथा सहुलियत प्रदान गर्ने ।

**ख. पशुपन्छी विकास क्षेत्र नीति**

**४.१** गाईभैसी बाख्रा तथा कुखुरापालनको पकेट क्षेत्र निर्धारण गरी व्यवसायक पशुपन्छीपालन कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**रणनीतिहरू**

- पशुपन्छीपालन क्षमताका आधारमा साना मझौला र ठुला किसानको वर्गिकरण गरी व्यवसायिक फार्महरू सञ्चालन गर्ने ।

**नीति ४.२** वडाहरूको प्राथमिकताका तथा कृषकका अलभरुचिका आधारमा स्थानीय श्रोत र साधनको अधिकतम उपयोग गरी पशुपन्छीपालन व्यवसाय सञ्चालन गरिनेछ ।

**रणनीतिहरू**

- स्थानीय पशुपन्छीका जातहरूको वंश सुधार एव विस्तार गरी श्रोत केन्द्रका रूपमा विकास गर्ने।

**नीति ४.३** स्थानीय स्तरमा उपलव्ध सामग्रीहरू प्रयोग गरी गोठ खोरको निर्माण तथा सन्तुलित दाना तयार पान तरिकाहरू प्रर्दशन गरिनेछ ।

**रणनीतिहरू**

- आयातित दाना तथा पशु आहरा सामग्रीहरूको प्रयोग भन्दा स्थानीयस्तरमा उपलव्ध हुने कच्चा पदार्थहरू उपयोग गरी सन्तुलित खुराक वनाउने लगाउने।





**रणनीतिहरू**

- मासु उत्पादन, प्रशोधन तथा विविधिकरणका लागि आवश्यक पर्ने विभिन्न मशिनरी उपकरणहरू सहुलियत अनुदानमा उपलव्ध गराउने ।
- मासु उपादन, प्रशोधन तथा विविधिकरणमा आवद्ध हुने उद्यमी तथा व्यवसायीहरूलाई तालिमको व्यवस्था गर्ने ।
- मापदण्ड पुरा नभएका मासु पसलहरूको अनुगमन गरी स्तरोन्नतिका लागि निर्देशन वा कारवाही गर्ने ।

**नीति २.१०** डेरी तथा मासु पसल व्यवसायलाई प्रवर्धन गरी स्तरउन्नती गरिनेछ ।

**रणनीतिहरू**

- डेरी तथा मासु पसलहरूको स्तरोन्नतिका लागि आवश्यक मापदण्डहरू वनाई कार्यान्वयनमा ल्याउने ।
- दुध उपादन, प्रशोधन तथा विविधिकरणमा आवद्ध हुने उद्यमी तथा व्यवसायीहरूलाई तालिमको व्यवस्था गर्ने ।
- मापदण्ड पुरा नभएका डेरी पसलहरूको अनुगमन गरी स्तरोन्नतिका लागि निदेशन वा कारवाही गर्ने ।

**नीति २.११** खाद्य तथा पोषण सुरक्षाका लागि स्वस्थ पशुपन्छीजन्य पदार्थहरूको विक्रिवितरण प्रणालीको उचित प्रवर्द्धन गरिनेछ ।

**रणनीतिहरू**

- दुध मासु तथा अण्डको स्वच्छता र स्वस्थता मापन गर्न विधिहरू लागू गर्ने वजार अनुगमनलाई प्रभावकारीरूपमा सञ्चालन गर्ने ।

- स्थानीय हाट वजार अनुगमनको निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउने ।

**नीति २.१२** खाद्य तथा पोषण सुरक्षाका लागि प्रति व्यक्ती प्रति वर्षको दुध मासु तथा अण्डाको उपलव्धतामा वृद्धि ल्याउने अभियानहरू सञ्चालन गरिनेछ ।

**रणनीतिहरू**

- वर्तमान अवस्थामा नगरपालिकाको प्रति व्यक्ति प्रति वर्षको दुध मासु तथा अण्डाको उपलव्धताको अवस्था एकिन गरी प्रति व्यक्ति प्रति वर्षको दुध मासु तथा अण्डाको उपभोग दरमा वृद्धी ल्याउने ।
- दुध मासु र अण्डाको खपत बढाउन जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- दुध मासु र अण्डाको उपभोगका वारेमा सुचना सामग्रीहरू तयार पारी अभियानमुखी कार्यक्रमहरू सञ्चालन गर्ने ।

उद्देश्य ३ स्थानीय श्रोत साधनको अधिकतम उपयोग गरी कृषि तथा पशुपन्छीजन्य वस्तुहरूको उत्पादनलाई प्रभावकारी तुल्याउने ।

**कृषि विकास क्षेत्र नीति ३.१** जमिनको उपयोगमा आधारित प्रोत्साहन सुविधा दिईनेछ ।

**रणनीतिहरू**

- आफ्नो स्वामित्वको जग्गामा कृषि व्यवासय गर्न कृषि तथा व्यवसायीलाई प्रोत्साहन सुविधा प्रदान गर्ने ।
- भाडाको जमिन उपयोग गरी कृषि व्यवसाय गर्न कृषि तथा व्यवसायीलाई भाडामा सहुलियत सुविधा उपलव्ध गराउने ।





**नीति ३.२** कृषियोग्य भुमीको पहिचान सहित कृषि पकेट क्षेत्र निर्धारण गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**रणनीतिहरू**

- कृषि बालीको सभाव्य पकेट क्षेत्रहरू तोक्ने ।
- कृषि खेतीका लागि जग्गा भाडामा उपयोग गर्ने सम्बन्धी करार (Contract Farming) वा सहकारी खेती गर्ने ।
- बाँझो, सावजानिक जग्गा, नदी, खोला किनारका जग्गाहरूलाई नगरपालिकाले तथ्याक सकलन एव सुचीकरण गरी सामुहिक खेती एम करार खती (Contract Farming) गर्ने ।

**नीति ३.३** भौतिक पुर्वाधार तथा प्राथमिकताका आधारमा उपर्युक्त कृषि व्यवसाय सञ्चालन गरिनेछ।

**रणनीतिहरू**

- जमिनको अभाव तथा जनघनत्व बढी भएको आवास क्षेत्रमा कौशी, करेसावारी र पुष्प खेती प्रर्वधन गर्ने ।
- खतीयोग्य जमिन र मध्यम जनघनत्व भएको स्थानमा तरकारी वाली र फलफुल उत्पादनमा प्रोत्साहन गर्ने ।
- खतीयोग्य जमिन उपुर्यक्त भएको र कम जनघनत्व भएको स्थानमा खाद्यान्न वालीलाई प्रोत्साहन गर्ने ।

**नीति ३.४** कृषि व्यवसाय सम्बन्धित अध्ययन अनुसन्धानका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**रणनीतिहरू**

- प्राविधिक जनशक्तिको क्षमता विकासका लागि नविनतम प्रविधिका वारेमा अध्ययन तालिम तथा स्थलगत भ्रमणको प्रवन्ध मिलाई क्षमता अभिवृद्धी गर्ने ।

उद्देश्य ६ कृषि तथा पशुपन्छीजन्य उद्योग तथा व्यवसायहरूको स्थापना र प्रर्वधन गर्ने।

**नीति ६.१** नगरपालिकाका तथा वडा कार्यालयहरूमा अनिवार्य रूपमा पशुपन्छीजन्य फार्म तथा उद्योग व्यवसायको अभिलेखिकरण, दर्ता र नविकरण गरिनेछ ।

**रणनीतिहरू**

- कृषिजन्य उद्योग, वधस्थल, मिटर्माट, मासु पसल तथा दुग्ध प्रशोधन केन्द्र स्थापना र सञ्चालनका लागि सभाव्यता अध्ययन गरी कार्यान्वयनमा ल्याउने ।
- साना उद्योगको स्थापना गर्न किसिमले अदुवा प्रशोधन, फलफुल प्रशोधन, जुस, जाम, अचार, मसलाका उद्योगहरू स्थापना गरी सञ्चालन गर्ने ।
- नगरका विभिन्न स्थानमा सञ्चालनमा रहेका कृषिजन्य उद्योग, डेरी पसल, मासु पसल, भेटेरनरी औषधि पसल, दाना उद्योग, भेटरनरी क्लिनिक तथा पेट् सपहरूको नियमित अनुगमन गर्ने।

घरेलु तथा कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता नविकरण गर्न पर्ने प्रकृतिका फार्म तथा व्यवसायहरूको वडा कार्यालयबाट सिफारिस उपलब्ध गराउने ।





उद्देश्य ४ कृषि तथा पशपन्छीपालन व्यवसाय सम्बन्धित उद्यमशीलताको विकास गरी रोजगारी, आयआर्जन तथा जीविकोपार्जनमा टेवा पुर्याउने ।

**नीति ४.१** किसान बर्गीकरण, किसान कार्ड एंम किसान अधिकार सरक्षण गरिनेछ ।

**रणनीतिहरू**

- किसान सुचीकरण एम किसान बर्गीकरणका लागि किसान कार्ड बितरण गर्ने र किसान कार्ड मार्फत किसानले पाउने सेवा, सहुलियतलाई डिजिटलाईजेसन गर्ने ।
- किसानको सामाजिक सुरक्षा (बैक खाता, बिमा, स्वास्थ्य बिमा, किसान परिचय पत्र, किसान क्रेडिट कार्ड आदिको व व्यवस्थापन गर्ने ।
- रोजगारी प्रर्वद्धन गर्नको लागि किसान कल्याण कोष स्थापना तथा व्यवस्थापन गर्ने ।
- किसानको लागि सहुलियत बैकिङ्ग कारोबार कार्यक्रम सञ्चालन गर्ने ।

**नीति ४.२** श्रमजीवि किसान तथा साना किसानको अनुदान, सहुलियत तथा सेवा सुबिधामा पनि बढाईनेछ।

रणनीतिहरू

- श्रमजिवी किसानले पाउने न्युनतम पारिश्रमिक तोक्न ।
- श्रमजिवी तथा साना किसानलाई भाडा, करार, सामुहिक खेतीमा सेवा सुबिधाको पँहुच पुर्याउने।

- वर्गीकरणका आधारमा श्रमजिवी तथा साना किसानलाई खेती गर्न अनुदान लगायत सबै सुबिधामा सहुलियत प्रदान गर्ने।

**नीति ४.३** रोजगार प्रवर्धन, युवा स्वरोजगार अवसर तथा कृषि तथा पशुपालन ब्यबसाय प्रर्बधन सम्बन्धी क्षमता बिकास गर्ने ।

**रणनीतिहरू**

- बिद्यालयमा कृषि तथा पशुपालन शिक्षा सन्चालन तथा बिद्यालय कृषि आयआर्जन कार्यक्रम सञ्चालन गर्ने ।
- युबालाई कृषि व्यवसायमा आकर्षण गराउन आवश्यकता अनुसार आथिक तथा प्राविधिक सहुलियत प्रदान गर्ने ।
- सिप बिकास र रोजगार प्रर्बधनको लागि कृषि नबप्रर्बतन केन्द्र स्थापना तथा सन्चालन गर्ने ।
- कृषि तथा पशुपन्छीपालनका नविनतम प्रविधि सम्बन्धी शीपमुलक तालिम सञ्चालनका लागि तालिम केन्द्र स्थापना र सञ्चालन गर्ने ।

**नीति ४.४** समन्वय र सहकार्य गरी उद्यमशीलताको विकास गर्ने

**रणनीतिहरू**

- कृषिजन्य उत्पादन र सेवालाई व्यावसायीकरण गर्न कार्यमा सलग्न कृषि उद्यमी तथा व्यवसायीहरूलाई कार्यक्रममा सक्रिय बनाउने ।
- कृषक उद्यमी तथा व्यवसायीहरूलाई सेवा प्रदायक निकायहरूवीच एक आपसमा समन्वय र सहकार्य गराई उद्यमशीलता विकास प्रणालीमा आवद्ध गने ।





उद्देश्य ५ कृषि तथा पशपन्छी विकासका लागि आवश्यक पर्ने पुर्वाधार तथा मानव सशाधनको विकास, व्यवस्थान र परिचालन गर्ने ।

**नीति ५.१** नगरपालिकामा एकिकृत कृषि तथा पशु सेवा महाशाखा स्थापना गरिनेछ ।

**रणनीतिहरू**

एकिकृत कृषि तथा पशु सेवा महाशाखा अन्तर्गत कृषि विकास शाखा र नगर पशु चिकित्सालय सञ्चालन गर्ने ।

- कृषि विकास शाखा र नगर पशु चिकित्सालय सञ्चालनका लागि आवश्यक पर्ने भौतिक संरचना तथा मानवसशाधनको व्यवस्था गर्ने ।
- पशुपन्छी क्षेत्रको सेवा प्रदानका लागि कार्यालय कक्ष, योजना, डिस्पेन्सरी, पशु उपचार कक्ष, प्रयोगशाला, तालिम कक्षा तथा सेवाग्राही प्रतिक्षालय सहितको एक नगरपालिका स्तरीय पशु चिकित्सालय स्थापना गरेर सञ्चालनमा ल्याउने।

**नीति ५.२** वडास्तरमा कृषि तथा पशु सेवा कार्यक्रमहरू सञ्चालन गर्न एक कृषि एक पशुसेवा प्राविधिक नीति अवलम्वन गरिनेछ ।

**रणनीतिहरू**

- भौगोलिक अवस्था र जनसख्याको आधारमा सभाव्यता हेरी एक वडा एक कृषि र एक पशुसेवा प्राविधिक जनशक्ति व्यवस्था गर्ने ।

**नीति ५.३** नगरपालिका तथा वडास्तरका प्राविधिक जनशक्तीको क्षमता विकास गरिनेछ ।

**रणनीतिहरू**

- नमुना कृषि पर्यटन क्षेत्रको अध्ययन विश्लेशण गरी प्राङगारिक खेती र होम स्टे कार्यक्रमलाई प्रोत्साहन गर्ने ।

८.४ पुष्प खेती तथा एग्रोईकोटुरिज्मका सभावना भएका वडाहरूमा नमुना कार्यक्रमहरू सञ्चालन गरिनेछ।

- नरपालिका क्षेत्रभित्र पुष्प खेती तथा व्यवसाय र अन्य सभावना भएका वडहरूमा एग्रोईकोटुरिज्मका नमुना कार्यक्रमहरू सञ्चालन गर्ने ।

८.५ कोरिडोर पार्क निर्माण कार्यको डिपिआर तयार गरी आवश्यक पुर्वाधार निर्माण गरिनेछ ।

- नगरपालिका भित्र रहेका खोलाको कोरिडोरमा पार्क स्थापना गरी आन्तरिक पर्यटन प्रर्वधन गर्ने ।

उद्देश्य ९ कृषि सूचना तथा सञ्चारका क्षेत्रमा डिजिटलाईजेशन मार्फत सेवा प्रदायक र सेवाग्राही वीचको आपसी पहिचान वढाउने ।

**नीति ९.१** कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरू सञ्चालन सम्बन्धी गतिविधिहरूका वारेमा नियमित रूपमा जानकारी गराउन डिस्प्ले वोर्डको व्यवस्था गरिनेछ ।

**रणनीतिहरू**

- कृषि तथा पशु सेवाका वार्षिक कार्यक्रमहरूको मासिक तथा चौमासिक प्रगतिहरू पुर्णरूपमा कम्पियुटराईज गरी वेवसाईटमा राख्ने व्यवस्था मिलाउने ।





**नीति ६.२** कृषि तथा पशुपन्छीजन्य उद्योग तथा व्यवसायहरू स्थापना तथा प्रर्वधबनका कार्यहरू सञ्चालनका लागि मापदण्ड तयार गरी लागू गरिनेछ ।

**रणनितिहरू**

- तोकिएको मापदण्ड पुरा गरी स्थापना तथा सञ्चालन भएका उद्योग फार्म तथा व्यवसायहरू प्रर्वधनका लागि गुणस्तर स्टिकरको व्यवस्था गर्ने ।
- मापदण्ड पुरा नगरी सञ्चालन भएका उद्योग फार्म व्यवसायहरूले अनिवार्य रूपमा नीति कार्यान्वयनमा आएको ६ महिना भित्र आवश्यक प्रक्रिया पुरा गरी सञ्चालन गर्नु पर्ने ।

**नीति ६.३** नगर उपप्रमुखको सयोजकत्वमा कृषि तथा पशु सेवा शाखा, प्रशासन शाखा, नगर प्रहरी र सम्बन्धित क्षेत्रका विज्ञ सहितको एक अनुगमन संयन्त्र निमाण गरी नियमित वजार अनुगमन गरिनेछ ।

**रणनीतिहरू**

- नगरपालिकाको वजार अनुगमन निर्देशिका अनुसार कृषि र पशुसेवा क्षेत्रको स्पष्ट व्यवस्था हुने गरी निर्देशिका परिमार्जन गर्ने ।

उद्देश्य ७ कृषि तथा पशुपन्छीजन्य उत्पादनको सहज विक्रिवितरणका लागि कृषि तथा पशुपन्छी हाट वजार सञ्चालन गर्ने ।

**नीति ७.१** स्थानीयस्तरमा उत्पादित कृषि तथा पशुपन्छी तथा पशुपन्छीजन्य उपजहरूको समुचित विक्रि वितरण तथा आपुर्तिका लागि उपयुक्त स्थानहरूको पहिचान गरी कृषि उत्पादन तथा पशुपन्छी सकलन केन्द्र एव हाट वजारको स्थापना र सञ्चालन गरिनेछ ।

रणनीतिहरू

- प्रत्येक वडाहरूमा सकलन केन्द्र तथा कृषि हाट वजार स्थापना र सञ्चालन गर्न आवश्यक पर्ने पुर्वाधारहरू निर्माणका लागि लागत अनुमान सहितको डिपिआर तयार गरी कार्यान्वयनमा ल्याउने ।

स्थानीय कृषि उपज तथा पशुपन्छी, चल्ला, दाना, अण्डा, मासु आदिको विक्री वितरणका लागि प्रत्येक वाडको फरक फरक स्थानमा हाटवजार सञ्चालन गर्ने ।

**नीति ७.२** स्थानीय कृषि हाट वजारको नगरपालिका सम्यन्त्रबाट नियमित अनुगमन गरिनेछ ।

**रणनीतिहरू**

- हाट वजारको स्थल निर्माण तथा सञ्चालनको लागि प्राविधिक विशिज्ञ सम्मिलित हाट वजार निर्माण तथा अनुगमन सयन्त्र गठन र नियमित अनुगमन गर्ने।
- वजारमा विक्रीवितरण भई रहका वस्तुहरूको मुल्य सुची सहितको सुचनाहरू अनिवार्य रूपमा राख्न लगाउने ।

**नीति ७.३** कृषटी तथा पशुपन्छीजन्य पदार्थको उत्पादन देखि विक्रीवितरण स्थलसम्मको वजार सञ्जाल तयार गरिनेछ ।

**रणनीतिहरू**

- कृषि तथा पशुपन्छीजन्य वजार सञ्चालनका लागि चाहिने भौतिक पुर्वाधार जस्तैः सडक, बिद्युत, सचार, खानेपानी, शौचालय, प्रतिक्षालय आदिको व्यवस्थापन गर्ने ।
- ग्रामीण क्षेत्रमा उत्पादित कृषि तथा पशुपन्छीजन्य उत्पादनको उचित सञ्चय र भण्डारणको व्यवस्था मिलाउने ।





- कृषि तथा पशुपन्छीजन्य उत्पादनहरूको सुरक्षित ढुवानीका लागि कृषि एम्बुलेन्सको व्यवस्था गर्ने ।

उद्देश्य ८ सास्कृतिक तथा जैविक विविधताको पहिचान, वातावरणको संरक्षण र सम्बन्धन गर्दा कृषि पर्यटनको प्रावधान गर्ने ।

**नीति ८.१** जैविक विविधताको सरक्षण र सदुपयोग गरी कृषि पर्यटनको प्रर्वधन गरिनेछ ।

**रणनीतिहरू**

- प्राकृतिक श्रोतको व्यवस्थापन तथा वातावरण सरक्षण र सम्वन्धन गर्ने ।
- पशुपन्छीहरूमा प्रयोग हुने हर्मोन, एन्टिबायोटिक्स र अन्य अवशेसजन्य औषिधी र विषादीहरूको उपयोगमा नियमन गरी वातावरण तथा जनस्वास्थ्यमा पर्ने नकारात्मक असरलाई न्युनिकरण गर्ने।
- जैविक विषादीहरूको प्रयोगमा जोड दिईनेछ ।

**नीति ८.२** नमुना कृषि पर्यटन क्षेत्र तोक्न र मापदण्ड तयार गरी नमुनाको रूपमा सञ्चालन गरिनेछ।

**रणनीतिहरू**

- सम्भाबना अध्ययन गरी नमुना कृषि पर्यटन क्षेत्र तोक्न ।
- नमुना कृषि तथा पशुपन्छी फार्मका मापदण्ड तयार गरी लागू गर्ने ।
- नमुना कृषि तथा पशुपन्छी फार्मको प्रर्दशन गरी परिष्कृत गर्ने, स्थानीयस्तरमा कृषि मेलाको आयोजना गर्ने ।

**नीति ८.३** सभाव्य स्थानहरूमा अर्गानिक उत्पादन र होम स्टे कार्यक्रम अभियानका रूपमा सञ्चालन गरिनेछ ।

मृत पशुपन्छी तह लगाउने प्रयोजनका लागि प्रत्येक वडाहरूमा आवश्यकता अनुसार प्रविधिमैत्री शवदाह, खाडल वा वायोलोजिकल पिट (Disposal Pit) को व्यवस्था गर्ने ।

**नीति १०.६ सौखिन प्रयोजनका पशुपन्छीपालन**

- पाल्तु कुकुर विराला लगायत विभिन्न प्रकारका जनावरहरू जस्तै खरायो, मुसा, गिनीपिग, कछुवा, हास, एक्वारिएममा पालन गरिने माछा, परेवा, सुगा, मैना आदि पालनका लागि व्यवसाय स्थापना र सञ्चालन गर्न अनुमति दिईनेछ ।

**रणनीतिहरू**

- कुकुरपालन तथा व्यवसायीक तवरमा प्रजनन गराई विक्री वितरण गर्ने व्यवसायीहरूले वडा कार्यालयमा रजिष्ट्रेशन (दर्ता र नगर पशु सेवा शाखामा अनिवार्य रूपमा पञ्जिकृत गर्न ।
- यस्ता पशुपन्छीहरूलाई घरको कम्पाउण्ड वाहिर खुल्ला सडक वा सडकको पेटी किनारामा राखी पालन तथा विक्री वितरण गर्ने, दिशापिशाव गराउने कार्य पुर्ण रूपमा निषेध गर्ने ।
- घरपाल्तु कुकुरहरू अनिवार्य रूपमा रजिष्ट्रेशन (दर्ता र पहिचानका लागि घाटीमा नेक कलर वा चिप्सको व्यवस्था गर्ने ।
- शौखिन प्रयोजनका लागि पालन तथा विक्री वितरण गरिने खरायो, मुसा, गिनीपिग, कछुवा, हाँस, एक्वाररएम माछा, परेवा, सुगा, मैना आदिको अनिवार्य दर्ता तथा पञ्जिकृत गर्ने ।

**नीति १०.७** छाडा पशु चैपाय नियन्त्रण तथा रेविज रोग रोकथाम र नियन्त्रणका लागी विभिन्न सघसस्थाहरूसगको सहकार्यमा काञ्जीहाउस निर्माण, जनचेतना अभिबृद्धि, कुकर सख्या नियन्त्रण र रेविज विरुद्ध खोप कार्यक्रमहरू सञ्चालन गरिनेछ ।





- कृषि तथा पशुपन्छी विकास महाशाखाले जारी गरेका सवै प्रकारका विज्ञापन तथा प्रस्ताव आह्वान सम्बन्धी सूचनाहरू डिस्पेल वोर्डमा राख्ने व्यवस्था मिलाउने ।

**नीति ९.२** कृषि तथा पशु सेवा सम्बन्धी सेवाग्राहीले थाहा पाउने पर्ने विषयहरूका वारेमा डिजिटल सूचना वोर्डमा व्यवस्था गरी सुसूचित गरिनेछ ।

**रणनीतिहरू**

- नगरपालिका र वडा कार्यालयहरूमा सेवा सम्बन्धी सेवा ग्राहीले पेश गर्नु पर्ने कागजातहरू सेवा लिए वापतको राजश्व शुल्क फोकल व्यक्ति लगायतका विस्तृत विवरणहरू सहितको सूचना वोर्ड तयार गरी सर्वसाधारणले देख्ने गरी राख्ने ।

**नीति ९.३** रोग किराको प्रकोप तथा महामारीजन्य रोगको प्रकोप भएको अवस्थामा छिटो माध्यमबाट पुर्वसुचना प्राप्त गर्न प्रक्रियाको शुरुवात गरिनेछ ।

**रणनीतिहरू**

- रोग किराको समस्या तथा पशुपन्छीमा संक्रमक रोगहरूको महामारी देखा परेमा यथासभव छिटो माध्यमबाट सम्बन्धित निकायमा जानकारी गराउने ।
- मासिक रूपमा वालीनालीको स्थिति तथा पशुपन्छी रोगको ईपिमियोलोजिकल रिर्पोट तयार गरी प्रदेश मातहतको कृषि ज्ञान केन्द्र र भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पठाउने।

उद्देश्य १० कृषि तथा पशुपन्छी विकास क्षेत्र सम्बन्धित विविध उद्देश्यहरू नीति

**१०.१** कृषि तथा पशुपन्छीजन्य उद्योगहरू सञ्चालन गर्न सघीय कानूनको परिधिमा रही नीजि सरकारी साझेदारी कार्यक्रमका रूपमा सञ्चालन तथा सहजीकरण गर्ने नीति रहनेछ ।

**रणनीतिहरू**

- नगरभित्र कृषि तथा पशुपन्छीजन्य उद्योगहरूको स्थापना तथा सञ्चालन गर्न नीजि सरकारी साझेदारी कार्यक्रलाई प्रोत्साहन गर्ने ।
- सरकारी नीजि साझेदारी कार्यक्रमका रूपमा स्थापना तथा सञ्चालन हुन कृषि तथा पशुपन्छीजन्य उद्योगहरूल मापदण्ड तथा अचार सहिता वनाई लागू गर्न ।

**नीति १०.२** कृषि तथा पशुपन्छीजन्य व्यवसाय सञ्चालनका लागि सहुलियत व्याजदरमा सरल कर्जा तथा प्रोत्साहनका लागि वीउ पुजी कोषको व्यवस्था गरिनेछ ।

**रणनीतिहरू**

- कृषि तथा पशुपन्छीजन्य व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने रकम वीउ पुँजीका रूपमा एक मुष्ठ उपलव्ध गराई घुम्ती कोषको रूपमा परिचालन गने निर्देशिका वनाइ कार्यान्वयनमा ल्याउने ।
- व्यक्त वा सस्थाको नाममा प्रदान गरिने अनुदान पद्धतिलाई पुर्ण रूपमा निरुत्साहित गर्ने ।

**नीति १०.३** कृषि वाली विमा व्यापक रूपमा कार्यान्वयनमा ल्याईनेछ ।

**रणनीतिहरू**

- खाद्यान्न तरकारी तथा फलफुल वीमा कार्यक्रम लागू गर्ने ।
- व्यवसायीक पशुपन्छीहरूको वीमा कार्यक्रमलाई प्रोत्साहन र आवश्यक सहजिकरण गर्ने ।
- उन्नत तथा वर्णशंकर जातका पशुपन्छीहरूको व्यवसाय गर्ने कृषक व्यवसायीहरूको लागि अनिवार्य पशुपन्छी वीमा कार्यक्रम लागू गर्ने ।





- विमा कोष खडा गरी वीमा नीतिको आधारमा थप प्रिमियम अनुदान नगरपालिकाको वीमा कोषबाट प्रदान गर्ने व्यवस्था मिलाउने ।

**नीति १०.४** विपद कोषको स्थापना तथा परिचालन गरी आकस्मिक दुर्घटना परेकालाई राहत उपलव्ध गराउने ।

**रणनीतिहरू**

- कृषि तथा पशुपन्छी विपद व्यवस्थापन कोष खडा गरी सो सम्बन्धी कार्यविधि तयार गरी लागू गर्ने ।
- प्राकृतिक प्रकोप तथा वालीनाली तथा पशुपन्छीको आकस्मिक क्षति भएको अवस्थामा राहतको व्यवस्था गर्ने ।
- कृषकहरुको अन्य सामाजिक सुरक्षाका बिषयहरू जस्तै बीमा, स्वास्थ्योपचार, सन्तान शिक्षा एम अन्य सामाजिक कार्यमा पनि खर्च गर्न सक्ने गरी कार्यविधि बनाउने ।

**नीति १०.५** प्रमुख महामारीजन्य सक्रामक रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि विपद व्यवस्थापन योजनामा समावेश गरी प्राथमिकताका प्रमुख जुनोटिक रोगहरूको रोकथाम तथा नियन्त्रण गरिनेछ ।

**रणनीतिहरू**

- स्वच्छ तथा स्वस्थ दुध, मासु तथा अण्डाको बिक्री वितरण र उपभोगका वारेमा विस्तरमा सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- प्रमुख जेनेटिक रोगहरूको पहिचान, नियन्त्रण तथा रोकथामका लागि नगर पशु सेवा शाखाले सघीय तथा प्रदेश स्तरका निकायहरूसंग समन्वय गर्ने ।
- छिमेकी पालिका तथा संघसंस्थाहरूसग आवश्यक समन्वय गरी उपर्युक्त कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक वजेट सहितको कार्यक्रम प्रस्ताव गर्ने।

खण्ड : ८ संख्या : १९ मिति : २०८२/०१/१०

**रणनीतिहरू**

- सडक पशु चौपाय नियन्त्रणका लागि उपर्युक्त स्थानमा काञ्जी हाउस निर्माण तथा व्यवस्थापन गर्ने।
- छाडा पशु चौपायाको हकमा पशुधनी पहिचान गरी प्रचलित कानुन वमोजिम आवश्यक कावाही गर्ने ।
- सामुदायिक र सडक कुकुरको सख्या नियन्त्रण गरी सन २०३० सम्ममा ककुर माध्यम भएको रेविज रोगको उन्मुलन रणनीतिलाई सघाउ पुर्याउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।
- सडक तथा सामुदायिक कुकुरहरूको सख्या नियन्त्रणका लागि नगरपालिका तथा वडा कार्यालयहरू र संघसंस्थाहरूको साझेदारी र समन्वयमा वन्ध्याकरण शीविरको आयोजना गर्ने।

**नीति १०.८** कृषि, भेटरनरी कलेज तथा प्राविधिक शिक्षालयहरूसग आवश्यक समन्वय गरी ओ.जे.टी.तथा ईर्न्टनशिप कायर्क्रमहरू सञ्चालन गरिनेछन ।

**रणनीतिहरू**

- ओ.जे.टि.तथा ईर्न्टनशिप कार्यक्रममा सहभागी हुने प्रशिक्षार्थीहरूलाई नगर कृषि तथा पशु सेवा शाखाको समन्वयमा विभिन्न कृषि तथा पशुपन्छी फार्म तथा उद्योगहरूमा खटाउने।
- ओ.जे.टि.तथा ईर्न्टनशिप कार्यक्रममा सहभागी गराउने कलेज तथा प्राविधिक शिक्षालयहरू र नगरपालिका वीच समझदारी (MOU) गरी कार्यक्रममा शरीक गराउने ।

**नीति १०.९** नीजि क्षेत्रमा सञ्चालित पशुवधशाला वधस्थल तथा अन्य मासु प्रशोधनमा आवद्ध हुने उद्योगहरूका सम्बन्धमा राष्ट्यि नीतिका आधारमा स्थापना तथा सञ्चालनमा सहजिकरण गरिनेछ ।

**रणनीतिहरू**

- नीजि क्षेत्रमा सञ्चालित पशुवधशाला वधस्थल तथा अन्य मासु प्रशोधनमा आवद्ध हुने उद्योगहरूका सम्बन्धमा नगरपालकाले आवश्यक समन्वय र सहजिकरण गर्ने ।
- डेरी तथा मासु प्रशोधन लगायत कृषि तथा पशुपन्छी उद्योग स्थापना र सञ्चालन गर्न अघि प्रारम्भिक वातावरणीय जाँच (IEE) प्रक्रिया पुरा गरी स्थापना र सञ्चालनका लागि सहजीकरण गर्ने ।

## कानुनी व्यवस्था र कार्यान्वयन

नेपालको सविधान वमोजिम स्थानीय सरकारलाई प्राप्त एकल अधिकारहरूको सफल कार्यान्वयनका लागि नेपाल सरकारबाट जारी भएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँपालिका तथा नगरपालिकाको काम, कतव्य तथा अधिकार सम्बन्धी व्याख्या भए अनुसार कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य तथा सहकारी सम्बन्धी स्थानीय नीति कानून, मापदण्ड र योजना कार्यान्वयन, अनुगमन र नियमन भनी स्पष्ट उल्लेख भएको कानूनी प्रावधान रहको छ । स्थानीयस्तरमा कृषि तथा पशुपन्छीपालन र विकास, कृषि तथा पशुपन्छीजन्य उद्योगहरूको प्रर्वधन, वातावरण तथा जैवीक विविधता सरक्षण र प्रवर्द्धन  लगायतका विविध विधाका कार्यहरू सञ्चालन गर्न स्थानीय नीति तथा रणनीतिका आधारमा तत्सम्बन्धी आवश्यक मापदण्ड तथा निर्देशिकाहरू तयार गरी कार्यान्वयनमा ल्याईने छ । सबैला नगरपालिकाको आर्थिक विकास महाशाखा अन्तर्गत कृषि, पशुपन्छी तथा वातावरण शाखाहरूको स्थापना भए पश्चात सम्बन्धित शाखाहरूबाट सम्पादन गरिने वार्षिक कार्यक्रमहरूको तजुमा र कार्यान्वयनका लागि स्थानीय कृषि तथा





पशुपन्छी नीतिको आवश्यकता पर्दछ । सम्बन्धित क्षेत्रका मौजुदा सघीय नीति नियमहरूसग नवाझिने गरी स्थानीय तहका लागि वडास्तरमा सञ्चालन गर्न पर्ने विभिन्न कार्यक्रमहरूको लागि नया नीतिको निर्माण अपरिहार्य रहन्छ । कृषि तथा पशुपन्छी जन्य उत्पादन, प्रशोधन, विविधिकरण तथा वितरण प्रणाली एव रोग महामारीको प्रकोप नियन्त्रण, खाद्य सुरक्षा एव सम्प्रभुता, स्वच्छ र स्वस्थ वातावरण कायम राखी नगरको सौन्दर्यतालाई नेपालकै एक उदाहरणीय स्थानका रूपमा रुपान्तरण गर्न कृषि तथा पशुपन्छी नीति तर्जुमा गरिएको छ । राष्ट्रिय कृषि नीति २०६१, कृषि विकास रणनीति सन २०१५, पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५, राष्ट्रिय वातावरण नीति, २०७६ लगायत हाल निर्माण भएका सघीय नीति तथा योजनाहरूमा आधारित रही सबैला नगरपालिकाल तयार पारेको कृषि तथा पशुपन्छी नीति कार्यान्वयनमा ल्याउनेछ । नीतिको समिक्षा तथा परिमार्जन सबैला नगरपालिकाको कृषि तथा पशुपन्छी नीति हरेक ५ वर्षमा समय सापेक्ष समिक्षा एव आवश्यता अनुसार परिमार्जन गदै लगिने छ ।

sfo{kflnsfsf]lg)f{o
ldlt M 2082÷01÷10

आज्ञाले,
**सविर कुमार महतो**
**प्रमुख प्रशासकीय अधिकृत**

सबैला नगरपालिकाद्वारा प्रकाशित मुल्य रु. १५/-